# National News

## 27/3/2024

**मुख्य समाचार**

- प्रधानमन्त्रीले बशीर हाटबाट भाजपाका उम्मीदवार र सन्देशखाली पीड़ीतसंग कुरा गर्दै शक्ति स्वरूपा बताउनुभयो
- राष्ट्रपतिले पाँचबटा देशका राजदूतबाट स्वीकार गर्नुभयो परिचय पत्र ।
- भारतीय सांसदीय प्रतिनिधिमण्डलले जिनेवामा अरमेनियाको आफ्नो समकक्षका साथ गऱ्यो द्विपक्षीय बैठक ।
- लोकसभाको दोस्रो चरणको चुनावका लागि अधिसूचना भोली जारी गरिने
- सिक्किममा एकमात्र लोकसभा सीट र राज्य विधानसभाको बत्तीसबटा सीटको चुनावका लागि नामाङ्कन भर्ने आज अन्तीम दिन

**पीएम**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पश्चिम बंगालको बशीर हाटबाट भाजपाका उम्मेदवार अनि सन्देशखाली पीड़ीतहरूमध्ये एकजनासंग फोनमा बात गर्दै वहाँलाई शक्ति स्वरूपा बताउनु भयो। श्री मोदीले वहाँसंग लोकसभा चुनाव प्रचारको तयारीमा चर्चा गर्नुभयो। बशीर हाटबाट भारतीय जनता पार्टीका उम्मेदवारले सन्देशखालीमा महिलालाई हुने कठिनाइबारे श्री मोदीसित साझा गर्नुभयो अनि भन्नुभयो, वहाँले मानिसको जीवन स्तरमा सुधारका लागि कड़ा मेहेनत गर्नुहुनेछ।

**राष्ट्रपति-दूत**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा भएको समारोहमा पाँचबटा देशका राजदूतबाट परिचय पत्र स्वीकार गर्नुभएको छ। ती राजदूतहरूमा फिलिपीनसका श्री जोसेल **फ्रान्ससीको , इगनाशियों, उजबेकिस्तानका** श्री सरदौर रूस्तम बा ऐव, बेलारूसका श्री मिखैल कास्को, केन्याका उच्चायुक्त श्री पीटर मैना, मुनयीरी अनि जर्जियाका राजदूत श्री वाक ताङ्ग र श्री जा ओशविल्ली रहेका छन्।

**सांसदीय प्रतिनिधिमण्डल-जिनेवा**

राज्यसभाका उप सभापति श्री हरिवंश नारायण सिंहको नेतृत्वमा भारतीय संसदीय प्रतिनिधीमण्डलले स्वीटजरलेण्डको जिनेवामा अन्तर-संसदीय संघ-आई.पी.यू -को कार्यक्रममा अरमेनियाको आफ्ना समकक्षका साथ द्विपक्षीय बैठक गरेको छ । अरमेनियाई प्रतिनिधिमण्डलको प्रतिनिधित्व नेशनल असेम्बलीका उपाध्यक्ष श्री **हाकोब अर्शाक्यानले** गर्नुभयो।

श्री हरिवंशले बैठकलाई सम्बोधन गर्दै, भारतका सबै बहुपक्षीय पहलमा आरमेनियाको समर्थनको प्रसंशा गर्नुभयो। उहाँले दुवै देशका बीच बढ्दो साझेदारी अनि विभिन्न क्षेत्रमा सहयोगको सम्भावनामा बल दिनुभयो। उहाँले भन्नुभयो, संसदीय लोकतन्त्रका रूपमा, भारत अनि आरमेनियाको विचार समान छ, जसले दुवै देशलाई सहयोग अनि अनुभव साझा गर्ने अवसर मिलेको छ । श्री हरिवंशले दुवै देशको समृद्ध सांस्कृतिक विरासतबारे प्रकाश पार्दै कला प्रदर्शनी, फिल्म समारोह तथा अकादमीक सहयोग जस्तो सांस्कृतिक आदान-प्रदानलाई बढ़ावा

दिनमा ध्यान केन्द्रीत गर्ने प्रस्ताव राख्नुभयो। उहाँले दुवै देशका बीच संसदीय मामिलामा सहभागीताको विभिन्न क्षेत्रको पत्तो लगाउने आशा व्यक्त गर्नुभएको छ ।

उपसभापतिले अन्तर-संसदीय संघका अध्यक्ष अनि संयुक्त गणराज्य **तनजानियाको** नेशनल असेम्बलीका अध्यक्ष **श्री तुलिया एक्सनसंग** पनि भेट गर्नु भयो। उहाँले आई.पी.यु-को अध्यक्ष पद समालनु भएकोमा श्री एक्सनलाई बधाई पनि दिनुभयो।

## एफआईआई – भारत

भारतले मार्चमा सबैभन्दा अधिक विदेशी फण्ड आकर्षित गरेर रहेको एशियाई बजारलाई पछाड़ी छोड़ेको छ। विदेशी संस्थागत निवेशकले दिसम्बर दुई हजार तेइस पछि सबैभन्दा ठूलो किनबेचमा भारतीय इक्विटीमा तीन अरब त्रिसट्ठी करोड डलरको निवेश गरेको छ । घरेलू संस्थानले बावन हजार चार सय सड्सट करोड रुपियाँको निवेश गर्यो जो पछिलो चार वर्षमा सबैभन्दा अधिक हो। यस उपलब्धीले भू-राजनैतिक सङ्कटका कारण चलीरहेको उच्च ब्याज दर व्यवस्थामा केही समयसम्म जारी रहने चिन्ता हटिँदै गरेको देखिदैछ ।

भारत अतिरिक्त विदेशी संस्थागत निवेशकले दक्षिण कोरिया, ताइवान अनि इण्डोनेशियालाई पनि प्राथमिकता दिएको छ अनि जापान, मलेशिया, फिलीपीनस, थाईलेण्ड, वियतनाम अनि श्रीलङ्काको बजारबाट पैसा निकालने निर्णय लिइएको छ।

## दोस्रो चरण अधिसूचना

लोकसभाको दोस्रो चरणको चुनावका लागी अधिसूचना भोली जारी गरिनेछ। यस चरणमा बाह्रबटा राज्य अनि एक केन्द्र शासित प्रदेशको उनन्नब्बेवटा लोकसभा सीटका लागि चुनाव हुनेछ। दोस्रो चरणमा केरलको बीसवटा, कर्नाटकको चौधवटा, राजेस्थानको तेह्रवटा, उत्तर प्रदेश अनि महाराष्ट्रको आठ-आठवटा, मध्य प्रदेशको सातवटा, आसाम अनि बिहारको पाँच- पाँचवटा, पश्चिम बंगाल अनि छत्तीसगढको तीन-तीनवटा , मणिपुर, त्रिपुरा र जम्मू कश्मीरको एक-एक सीटमा चुनाव हुनेछ । उम्मेदवारले चार अप्रैलसम्म नामाङ्कन पत्र बुझाउन सक्नेछन् अनि मतदान छब्बिस अप्रैलमा हुनेछ।

## सिक्किम नामाङ्कन

सिक्किमको एकमात्र लोकसभा सीट अनि राज्य विधानसभाका बत्तीसवटा सीटको चुनावका लागि नामाङ्कन भर्ने आज अन्तीम दिन हो। राज्यका मुख्यमन्त्री तथा सत्तारूढ सिक्किम क्रान्तीकारी मोर्चा अध्यक्ष श्री Prem Singh Tamang अनि पूर्व मुख्यमन्त्री तथा सिक्किम प्रजातान्त्रिक मोर्डा पार्टीका अध्यक्ष श्री पवन चामलिङले पनि आज नामाङ्कन दर्ता गर्नुभयो। राज्यमा एकमात्र लोकसभा सीटका लागि सिक्किम क्रान्तीकारी मोर्चा- एस.के.एम, सिक्किम प्रजातान्त्रिक मोर्चा- एस.डी.एफ, नव-गठित सिटीजन एक्शन पार्टी- सी.ए.पी, भाजपा, कङ्ग्रेस अनि एकजना निर्दलीय उम्मीदवार चुनावी मैदानमा छन् ।

नामाङ्कन पत्रको जाँच भोली गरीनेछ । नाम फीर्ता लिने अन्तीम मिति तीस मार्च रहोको छ। राज्य विधानसभा

चुनावका लागी सत्तारूढ एस.के.एम अनि विपक्षी एस.डी.एफ तथा सी.ए.पी-ले सबै बत्तिसबटा सीटमा उम्मेदवार खडा गरेको छ। भाजपाले एकतीसवटा अनि कङ्ग्रेसले अठाह्रवटा सीटमा चुनाव लडेदैछ।

## शिव सेना यूबीटी सूची

महाराष्ट्रमा शिवसेनाको उद्धव गुटले लोकसभा चुनावका लागि सोह्र जना उम्मेदवारको घोषणा गरेको छ । पार्टीले दक्षिण मुम्बईबाट वर्तमान सांसद श्री अरविन्द सावन्त, ठाणेबाट श्री राजन विचारे, रतनगिरी-सिंधु दुर्गबाट श्री विनायक राउत, उस्माना बादबाट श्री ओमप्रकाश निम्बालकर अनि परभणीबाट श्री संजय जाधवलाई फेरी मौका दिइएको छ।

पार्टीले **औरङ्गा बादबाट** श्री चन्द्रकान्त खैरे, मुम्बई उत्तर पूर्वबाट श्री संजय दीना पाटिल अनि रायगढ़ निर्वाचन क्षेत्रबाट श्री अनन्त गीतेलाई पनि पुन: पार्टी उम्मेदवार बनाइएको छ, जसले पछिलो चुनावमा यी निर्वाचन क्षेत्रबाट हार्नु भएको थियो । पार्टीले मुम्बई उत्तर पश्चिम निर्वाचन क्षेत्रबाट श्री अमोललाई कीर्ती करलाई उम्मेदवारको रूपमा घोषणा गरेको छ।

## जापान- फाइटर जेट निर्यात

जापानी मन्त्रिमण्डलले आफ्नो लड़ाकू विमानलाई ती देशलाई निर्यात गर्ने स्वीकृती दिएको छ , जसका साथ रक्षा समझौतामा हस्ताक्षर गरिएको छ , अनि जहाँ केही संघर्ष चलेको छैन। मन्त्रीमण्डलका मुख्य सचिव श्री योशिमासा हयाशीले चीन अनि उत्तर कोरियाबाट उत्पन्न भएको खतरालाई **जिम्मा** दिँदै भन्नुभयो, जापानको सुरक्षा माहौललाई हेर्दा परिवर्तन आवश्यक छ।

जापानले अगिलो पीढ़ीको लड़ाकू विमान ब्रिटेन अनि इटलीका साथ मिलेर विकसित गरिरहेको छ, अनि यो दुई हजार पैतीस सम्म तैनात हुने आशा छ । अधिकारीले भन्नुभयो, प्रत्येक लड़ाकू विमानको बिक्रीका लागि मन्त्रीमण्डलको स्वीकृती आवश्यक हुन्छ। मन्त्रीमण्डलले जापानको हथियार उपकरण अनि प्रौद्योगिकी हस्तान्तरण दिशानिर्देशमा पनी संशोधनको समर्थन गर्यो जसले सह-उत्पादित घातक हथियारलाई भागीदारका अतिरिक्त अन्य देशलाई बेच्ने अनुमति मिल्न सकोस ।

## रियासी बालिका मतदान भागीदारी

मानिसलाई मतदानका लागि जागरूक र प्रेरित गर्न तथा चुनावमा मतदाताको भागीदारी बढाउनका लागी जम्मू कश्मीरको रियासी जिलाका केही महिलाहरूले **मेरो भोट मेरो गौरव** नामले नयाँ पहल गरेको छ । रियासीको जिल्ला निर्वाचन अधिकारी विशेष पल महाजनले पहिलो पल्ट भोट दिने यी महिलाहरूको प्रयासको सराहना गर्नुभयो।